# नेपाल धितोपत्र बोर्ड

जावलाखेल, ललितपुर ।

**धितोपत्र दलाल व्यवसायीसमक्ष कारोवारका लागि राखेको धरौटी (मार्जिन) रकममा प्रतिफल प्रदान गर्ने सम्बन्धमा ।**

धितोपत्रको दोस्रो बजारमा कारोवार गर्दा लगानीकर्ताले धितोपत्र दलाल व्यवसायीलाई बुझाउनुपर्ने २५ प्रतिशत धरौटी रकममा प्रतिफल नपाएको सम्बन्धमा लगानीकर्ताहरुबाट गुनासो प्राप्त भएकोले लगानीकर्ताले धितोपत्र दलाल व्यवसायीलाई बुझाउने धरौटी रकममा सृजित हुने दायित्व तथा प्रतिफलका सम्बन्धमा लगानीकर्ता तथा धितोपत्र दलाल व्यवसायीबीच हुने सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था समेटि धितोपत्र कारोवार सञ्चालन विनियमावली, २०७५ को संशोधनको स्वीकृति बोर्डले प्रदान गरेको व्यहोरा सम्पूर्ण लगानीकर्तालाई जानकारी गराइन्छ । यस व्यवस्थासँगै धितोपत्र कारोवारका लागि लगानीकर्ताले राखेको धरौटी रकममा प्रतिफल प्राप्त हुने/नहुने सन्दर्भमा कायम रहेको अन्यौलता अन्त्य हुने बोर्डले विश्वास लिएको छ ।